27th of November 2024

National News

मुख्य समाचार:

- विपक्षको हंगामाका कारण संसदको दुवै सदन दिनभरका लागि स्थगित
- प्रधानमन्त्रीले गर्नुभयो युवाहरूलाई विकसित भारत प्रश्नोत्तरी मा भाग लिन आग्रह ।
- सामाजिक सञ्जालमा अश्लील सामग्री रोक्न कडा कानुन आवश्यक रहेको प्रशारण मन्त्री श्री वैष्णवको भनाइ
- भाजपाले गर्यो कांग्रेस अध्यक्षको ईभीएम सम्बन्धी टिप्पणीको आलोचना
- उत्तर प्रदेशमा सडक दुर्घटना हुँदा पाँच जना डाक्टरहरूको मृत्यु
- हिजो भएको ISL प्रतियोगितामा पन्जाबले मुम्बई सिटी कल्बलाई 0 को विरुद्ध 3 गोलले गर्यो पराजित

विपक्षको हंगामाका कारण संसदको दुवै सदन दिनभरका लागि स्थगित

संसदमा एक प्रमुख व्यापारी समूहविरुद्धको घुसकाण्डका आरोपलगायत विभिन्न मुद्दामा विपक्षी दलले हंगामा गरिरहेका कारण राज्यसभा र लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित गरियो। राज्यसभामा पहिलो स्थगनपछि बिहान 11:30 बजे पुनः कार्यवाही सुरु हुँदा कांग्रेस, वामपन्थी दलहरू, डीएमके, तृणमूल कांग्रेस, समाजवादी पार्टी र आम आदमी पार्टीका सांसदहरूले हंगामा जारी राखे। सभापति श्री जगदीप धनखडले विपक्षले नियम 2 सय सड्स्ट अन्तर्गत दर्ता गरेको स्थगन प्रस्ताव खारेज गरेपछि विपक्षले विरोध प्रदर्शन गरे। उक्त प्रस्ताव व्यापारी समूहको घुसकाण्ड, मणिपुर हिंसा र उत्तर प्रदेशको सम्भल क्षेत्रमा भएको हिंसा सम्बन्धी थियो। सभापति श्री धनखडले सदनले उहाको निर्देशन पालना गर्नुपर्ने बताउँदै, विगत 30 वर्षमा नियम 2 सय सड्स्ट  केवल एक पटक मात्र लागू भएको स्मरण गराउनुभयो। उहाँले सांसदहरूलाई बहस र छलफलको अनुकूल वातावरण बनाउन आग्रह गर्नुभयो, तर विपक्षी दलहरूको नारा  जारी रहँदा कार्यवाही दिनभरका लागि स्थगित गर्नुपऱ्यो। त्यसैगरी, लोकसभामा पनि प्रमुख व्यापारी समूहविरुद्ध घुसकाण्डका आरोप र अन्य विषयमा कांग्रेस, समाजवादी पार्टी, डीएमकेलगायतका विपक्षी दलहरूले विरोध जनाए। लोकसभाका अध्यक्ष श्री

ओम बिर्लाले प्रश्नकालपछि ती विषयमा छलफल गर्ने आश्वासन दिए पनि विपक्षी दलहरूले नारा जुलुस जारी राखे। अन्ततः लोकसभाको कार्यवाही पनि दिनभरका लागि स्थगित गरियो।

सरकारले रेलगाडीहरूमा अनारक्षित डिब्बाहरू हटाउने कुनै योजना नभएको

सरकारले रेलगाडीहरूमा अनारक्षित डिब्बाहरू हटाउने कुनै योजना नभएको बताएको छ। रेलमन्त्री श्री अश्विनी वैष्णवले आज लोकसभामा जानकारी गराउँदै चालू वित्त वर्षमा LHB कोचसहित सञ्चालन हुने मेल-एक्सप्रेस रेलहरूमा 600 भन्दा बढी अनारक्षित डिब्बाहरू थप गरिएको बताउनुभएको छ। बढ्दो मागलाई ध्यानमा राख्दै भारतीय रेलले, गैर-वातानुकूलित सामान्य श्रेणी र स्लीपर डिब्बासहित दस हजार  डिब्बा निर्माण गर्ने योजना बनाएको छ।

<u>प्रधानमन्त्रीले गर्नुभयो युवाहरूलाई विकसित भारत प्रश्नोत्तरी मा भाग लिन आग्रह ।</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज युवाहरूलाई विकसित भारत प्रश्नोत्तरीमा भाग लिन आग्रह गर्नुभएको छ। जसको माध्यमबाट युवाहरूले ऐतिहासिक विकसित भारत युवा नेता संवादमा सहभागी हुने मौका पाउनेछन्। विकसित भारत प्रश्नोत्तरी चार चरणमा सम्पन्न हुने प्रतियोगिता हो, जसमा युवाहरूलाई भाग लिन र आफ्ना विचारहरू प्रस्तुत गर्न आमन्त्रण गरिएको छ। यो प्रतियोगिता 25 नोभेम्बरबाट सुरु भइसकेको छ र यो 5 डिसेम्बरसम्म चल्नेछ। यस प्रश्नोउत्तरीमा 15 देखि 29 वर्ष उमेर समूहका युवाहरूले भागलिन सक्ने छन्। प्रधानमन्त्रीले एक सामाजिक सञ्जाल पोस्टमार्फत भन्नुभएको छ कि यो युवाहरूको महत्त्वपूर्ण योगदान हुनेछ, जसको माध्यमबाट विकसित भारतको लक्ष्य हासिल गर्न सकिनेछ। उहाले यो सरकारको उच्च स्तरसम्म युवाहरूका नवीनतम विचार पुर्‍याउने विशेष अवसर रहेको बताउनुभएको छ।

<u>सामाजिक सञ्जालमा अश्लील सामग्री रोक्न कडा कानुन आवश्यक रहेको प्रशारण मन्त्री श्री वैष्णवको भनाइ</u>

सूचना तथा केन्द्रीय प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले सामाजिक सञ्जालमा अश्लील सामग्री नियन्त्रणका लागि कानुन अझ कडा बनाउनुपर्ने बताउनुभएको छ। लोकसभामा पूरक प्रश्नहरूको जवाफ दिँदै मन्त्री श्री वैष्णवले सामाजिक सञ्जाल प्रेस स्वतन्त्रताको ठूलो माध्यम भए पनि सम्पादकीय नियन्त्रणको अभावले अश्लील सामग्रीको प्रसारण भइरहेको बताउनुभयो। ओटीटी (OTT) प्लेटफर्मको सामग्रीबारे उहाँले भन्नुभयो, “हाम्रो देश र ती देशहरूको संस्कृति फरक छ,

जहाँबाट यस्ता सामाजिक सञ्जाल आएका छन्।" यस विषयमा संसदको सम्बन्धित स्थायी समितिले विचार गरी कडा कानुन बनाउनुपर्ने उहाँको भनाइ छ।

मन्त्री श्री वैष्णवले सरकारद्वारा 2021-मा अधिसूचित सूचना प्रविधि नियमअनुसार ओटीटी प्लेटफर्मका प्रसारकहरूका लागि आचारसंहिताको व्यवस्था गरिएको जानकारी दिनुभयो। आचारसंहिता अन्तर्गत कानुनतः प्रतिबन्धित सामग्री प्रसारण गर्न नपाइने र सामग्रीलाई उमेर वर्गअनुसार पाँच श्रेणीमा वर्गीकरण गर्नुपर्ने प्रावधान छ। ओटीटी प्लेटफर्महरूले बालबालिकाका लागि अनु-पयुक्त सामग्री प्रसारणमा सावधानी अपनाउनुपर्ने व्यवस्था गरिएको छ। मन्त्री श्री वैष्णवका अनुसार सूचना प्रविधि ऐन अन्तर्गत अश्लील र अभद्र सामग्री प्रसारण गर्ने धेरै ओटीटी प्लेटफर्मलाई बन्द गराइएको छ।

## विदेश सचिव श्री विक्रम मिस्रीले

विदेश सचिव श्री विक्रम मिस्रीले आज टोकियोमा जापानका उपविदेश मन्त्री श्री Masataka Okano-सँग आर्थिक सुरक्षा, विशेष गरी रणनीतिक व्यापार र प्रविधि सम्बन्धी भारत-जापान वार्ताको पहिलो चरणको सह-अध्यक्षता गर्नुभयो। यस वार्तामा दुवै देशका सरकारका हितधारक मन्त्रालय, विभाग र एजेन्सीका प्रतिनिधिहरूले सहभागिता जनाए। बैठकमा आर्थिक सुरक्षा सम्बन्धी नीति आदानप्रदान, औद्योगिक र प्राविधिक लचिलोपन निर्माणका लागि साझेदारीलाई सुदृढ बनाउने र प्रमुख प्रविधिहरूको अनुसन्धान र प्रयोगमा सहयोगलाई प्रवर्द्धन गर्ने विषयमा छलफल भयो।

## भाजपाले गर्यो कांग्रेस अध्यक्षको ईभीएम सम्बन्धी टिप्पणीको आलोचना

भाजपाले आज कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेको ईभीएम सम्बन्धी टिप्पणीको आलोचना गरेको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै, पार्टी प्रवक्ता श्री सम्बित पात्राले भन्नुभयो कि कांग्रेसले ईभीएममाथि प्रश्न उठाउने काम केवल तब गर्छ जब पार्टीले चुनाव हार्छ। पात्राले थप भन्नुभयो  कांग्रेसलाई प्रायः सबै राज्यले रुचाएको छैन। झारखण्ड विधानसभाको चुनावमा पनि कांग्रेसले भाजपाभन्दा कम सिट प्राप्त गरेको र महाराष्ट्र चुनावमा, जहाँ भाजपाको नेतृत्वमा रहेको महायुतीले भारी बहुमत हासिल गरेको छ भन्दै श्री पात्राले कांग्रेस लगभग समाप्त नै भएको  बताउनुभएको छ।

उत्तर प्रदेशमा सडक दुर्घटना हुँदा पाँच जना डाक्टरहरूको मृत्यु

उत्तर प्रदेशको इटावास्थित SOIFAI मेडिकल कलेजका पाँच जना डाक्टरहरूको कन्नौजमा आगरा-लखनउ एक्सप्रेसवेमा सडक दुर्घटना हुँदा मृत्यु भएको छ। एक्सप्रेसवेमा डाक्टरहरूको गाडी ट्रकसँग ठोक्किएपछि यो दुर्घटना भएको हो। यी डाक्टरहरू लखनउमा भएको एक विवाह समारोहमा सहभागी भएर फर्किरहेका थिए। मुख्यमन्त्री योगी आदित्यनाथले घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाले अधिकारीहरूलाई स्थिति मूल्याङ्कन गर्न निर्देशन पनि दिनुभएको छ।

हिजो भएको ISL super league football मा पन्जाबले मुम्बई सिटी कल्बलाई 0 को विरुद्ध 3  गोलले पराजित गर्यो।

इन्डियन सुपर लिग फुटबल प्रतियोगितामा हिजो पञ्जाब फुटबल क्लबले मुम्बई सिटी फुटबल क्लबलाई सुन्यको विरुद्ध 3 गोलले  पराजित गरेको छ। पञ्जाबले यो आईएसएलमा कुनै बाहिरी खेलमा आफ्नो सबैभन्दा ठूलो जीत हासिल गरेको हो।

आज कोलकातामा मोहम्मडन स्पोर्टिङ क्लबको सामना बेंगलुरु फुटबल क्लबसँग हुनेछ। यो खेल अहिले साँझ ७:३० बजेसुरु हुने छ।